जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १२३ २०७८ साल मंसिर २४ गते शुक्रबार (10 Dec. 2021 Friday) मूल्य रु. ५/-

*Log on : rajbirajdainik.com.np*

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : तीनै तहका निर्वाचन एकै पटक... ३ पृष्ठमा : पूर्व-पश्चिम रेलमार्ग... ३ पृष्ठमा : मालीमा सात शान्ति ...

## सुस्त गतिमा बस पार्क निर्माण भइरहेको भन्दै नगरवासी आन्दोलित





**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

निर्माण कार्य सम्पन्न गर्ने समयअवधी पुरा भइसक्दा पनि राजविराज बसपार्कको निर्माण कार्य सम्पन्न नभएको भन्दै स्थानिय आन्दोलित भएका छन् ।

निर्माण कार्यलाई सम्पन्न गर्न दवाब दिने उद्देश्यले गठित राजदेवी बस पार्क संघर्ष समितिले बिहीबार सरोकारवालालाई ज्ञापनपत्र बुझाएको छ ।

स्थानियले बिहीबार राजविराजका नगर प्रमुख शम्भुप्रसाद यादवलाई एक ज्ञापनपत्र बुझाउँदै अविलम्ब बस पार्कको निर्माण कार्य सम्पन्न नगरिए थप सशक्त आन्दोलन कार्यक्रम ल्याउने चेतावनी समेत दिएका छन् ।

संघर्ष समितिका संयोजक रामदेव यादवको अगुवाईमा जिल्ला प्रशासन कार्यालयमा समेत बुझाइएको ज्ञापनपत्रको बोदार्थ संघीय सहरी विकास आयोजना डिभिजन कार्यालयलाई समेत दिइएको छ ।

बुझाइएको ज्ञापनपत्रमा २०७७ साल पुस १८ गते भित्र राजविराजस्थित राजदेवी बस पार्क निर्माण गरिसक्ने गरि १६ करोड ३८ लाख ९६ हजार ५ सय १९ रुँपैयामा ठेक्का लिएको सिनरश्री बिल्डर्स प्राली काठमाडौंका ठेकेदारको लापरवाहीले हालसम्म काम सम्पन्न हुन नसकेको उल्लेख गरिएको छ ।

ज्ञापन पत्र बुझाउँदै स्थानियहरुले राजविराजस्थित वडा नं. २ मा लामो समयदेखी निर्माणाधिन अवस्थामा रहेको बस पार्क तोकिएको समय अवधी भन्दा एक वर्ष नाघिसक्दा पनि सम्पन्न हुन नसकेकोमा संघर्ष समिति गठन गरि आन्दोलित भएका हुन् ।

ज्ञापन पत्रमार्फत सम्झौता अनुसारको काम अविलम्ब सम्पन्न गराउन, डिपिआर प्रमाणित नक्सा भित्र अनाधिकृत रुपमा बनाउन खोजिएको अन्य संरचनाको काम रोक्न तथा समयमै काम गर्न नसक्ने ठेकेदार कम्पनिलाई कारवाही गर्न माग समेत गरिएको छ ।

यता बस पार्क निर्माण हुन नसक्दा सवारीधनीले मुख्य बजारको सडक किनारबाटै बर्षौंदेखी गाडी संचालनमा ल्याउने गरेका छन् ।

## दर्ता नभएका उपभोक्ता समितिबाट काम नगराउन परिपत्र

**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दर्ता नभएका उपभोक्ता समितिबाट काम नगराउन सबै स्थानीय तहलाई परिपत्र गरेको छ ।

यो वर्ष विभिन्न निर्माण कार्य गर्न गठन भएका उपभोक्ता समितिहरू संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार दर्ता भएको नपाइएकोले कुनै पनि संस्था विधानसहित दर्ता नभएमा मान्यता दिन नमिल्ने कानुनी प्रावधान रहेको उल्लेख गर्दै स्थायी संयन्त्रमार्फत नै काम गर्न मन्त्रालयले भनेको छ ।

साथै त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रूपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा जिम्मेवार बनाउन कठिन भई आय व्ययको लेखा परीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत नै काम गर्न र गराउन मन्त्रालयले निर्देशन दिएको छ ।

## ६ निर्माण कम्पनी कालोसूचीमा

काठमाडौँ, २३ मङ्सिर (रासस) ।

सरकारले छ निर्माण कम्पनीलाई कालोसूचीमा राखेको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको बुधबार बसेको बैठकले बिहीबारदेखि लागू हुनेगरी छ निर्माण कम्पनीलाई तीन वर्षदेखि एक वर्षका लागि कालोसूचीमा राख्ने निर्णय गरेको कार्यालयद्वारा बिहीबार जारी सूचनामा उल्लेख छ ।

कालोसूचीमा परेको कम्पनीमा काठमाडौँका निलगिरि निर्माण सेवा, एलिट कन्स्ट्रक्सन कम्पनी, च्याङ्ग्रासी निर्माण सेवा, एसएसएम कन्स्ट्रक्सन प्रालि र बाँकेका त्रिदेव निर्माण सेवा तथा एसएनसी निर्माण सेवा प्रालि रहेका छन् ।

सम्झौता अनुसार निर्माण सम्पन्न नगरेकाका कारण सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम

*बाँकी तीन पृष्ठमा*

## "सिरियल किलर" गुलजार डाका र निर्मलाको हत्यामा पनि संलग्न : प्रहरी

**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

आठ वर्षअघि श्रृंखलाबद्ध रुपमा तीन जनाको हत्या गरि फरार रहेका सप्तरीको सुरुङ्गा नगरपालिका १० निवासी गुलजार मियाँ डाका र थप एक महिलाको हत्यामा पनि संलग्न रहेको खुलासा भएको छ ।




जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले घटनाको ८ वर्षपछि दुई दिनअघि मात्र पक्राउ परेका गुलजार मियाँ २०७० चैत २ गते सप्तरीको तत्कालिन त्रिकौल गाविस वडा नं. ५ हाल तिरहुत गाउँपालिका १ मा भएको डकैती तथा निर्मलादेवी साहको विभत्स हत्यामा समेत संलग्न रहेका बताएका छन् ।

"प्रहरी हिरासतमा रहेका गुलजारले उक्त घटनामा आफूसँगै सोही वडाका मो. सकिल, अल्लाउदिन र मो. मुस्तकिम भन्ने रहिस मियाँ सहभागि रहेको स्वीकार गरेका छन् ।" डिएसपी काफ्लेले भने "निर्मलाले छोरा दिपकलाई विदेश पठाउन १ लाख ५० हजार रुँपैया जम्मा गरिराखेको सुइको पाएपछि आफूहरु चार जना मिलेर रकम लुटेको र सो क्रममा निर्मलाले प्रतिकार गर्न खोज्दा छुरा प्रहार गरि हत्या गरेको उनले बयान दिएका छन् ।"

यसअघि २०६९ असोज १० गते सप्तरीको खडक नगरपालिकाका सहबुद मियाँ र उनको बुहारी सागिरा तथा २०७० साल मंसिर ६ गते अग्निसाइर कृष्णासवरण गाउँपालिकाकी दुलारी देवी साहको हत्या घटनामा गुलजारकै संलग्नता पुष्टि भइसकेको छ ।

दुई दिनअघि छिमेकी जिल्ला सिरहाको सखुनवननकारीकट्टी गाउँपालिका १ महेश्वरी टोल स्थित एक घरमा लुकिछिपी बसेको अवस्थामा गुलजार पक्राउ परेका थिए ।

उक्त सबै हत्याका घटना पैसा लुट्नकै लागि भएको अनुसन्धानको क्रममा खुलेको प्रहरीको भनाई छ । ती सबै घटनापछि फरार रहेका गुलजार मियाँलाई पक्राउ गर्न रेड नोटिस समेत जारि गरिएको थियो ।

यस्तै गुलजार सुनसरीको इनरुवामा भएको एउटा सामूहिक हत्याकाण्ड घटनामा समेत संलग्न रहेको जानकारी आएको र यस बारे पनि गहिरो अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।




अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## सम्पादकीय

# प्रहरीको सह्रानिय कार्य

सप्तरी प्रहरीले फरार अपराधिहरुलाई पक्राउ गर्न अभियान चलाएसँगै सफलता हात पार्दै गएको छ । प्रहरीले फरार सूचीमा रहेका अपराधीहरुलाई पक्राउ गर्न अभियान नै चलाउनु परेको हो । यस क्रममा प्रहरीले सात वर्ष अघि जिल्लामा भएको श्रृंखलाबद्ध हत्याका एक कुख्यात अपराधीलाई पक्राउ गरेको छ । सो समयमा जिल्लामा लगातार आधा दर्जन व्यक्तिको हत्या भएको थियो । जसमध्ये चार जनाको हत्याका आरोपितलाई प्रहरीले पक्राउ गरि जनतालाई कानुनी राज्यको आभास दिलाउन केही सफल भएको छ ।

यसअघि पनि सप्तरी प्रहरीले व्यापारी एक दम्पत्तिको हत्यारालाई झण्डै ९ वर्षपछि पक्राउ गर्न सफल भएको थियो । उक्त घटनाले जिल्लावासीलाई त्रासमय जिवन बिताउन बाध्य बनाएको थियो । उक्त घटनाले जिल्लाका सबै उद्योगि, व्यापारी निकै त्रसित बनेका थिए । यस्तै अदालतबाट कैद सजाय पाएर फरार सयौं अपराधिलाई प्रहरीले पक्राउ गरि सजाय भुक्तानका लागि कारागार चलान गरिसकेको छ ।

तसर्थ समाजमा भएका अपराधिक घटना र त्यसमा संलग्न रहेकालाई कानुन बमोजिम सजाय दिलाउनु प्रहरीको काम र कर्तव्य हो भने जनतालाई शान्ति सुरक्षाको प्रत्याभुती दिलाउने काममा प्रहरीले तदारुकता देखाउन पनि उत्तिकै आवश्यक रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तीनै तहका निर्वाचन एकै पटक सम्भव कि असम्भव !

काठमाडौँ, २३ मङ्सिर (रासस) ।

निर्वाचन खर्च घटाउन प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको निर्वाचन एकैचोटि गर्नुपर्छ भन्ने विषय उठे पनि कानूनी, व्यवहारिक, व्यवस्थापन तथा प्राविधिक पाटोसमेतका आधारमा सम्भव नहुने सङ्केत देखिएको छ ।

निर्वाचनका नाममा राज्यकोषबाट अधिक खर्च हुने गरेकाले त्यसलाई घटाउन तीन तहकै निर्वाचन एकै चरणमा गर्नुपर्छ भन्ने कोणबाट केही राजनीतिक दलका नेताले मन्तव्य दिए पनि स्वच्छ, स्वतन्त्र, व्यवस्थित र भयरहित वातावरणमा एकै चरणमा निर्वाचन गर्न कानूनलगायत अनेकौ बाधा अड्चन रहने तर्क गरिएको छ ।

निर्वाचन आयोगका आयुक्त ईश्वरीप्रसाद पौड्यालले तीन तहको निर्वाचन एकै पटक गर्ने भनी आयोगसँग राजनीतिक दलले औपचारिकरुपमा हालसम्म परामर्श नभएको प्रतिक्रिया दिनुभयो । उहाँले भन्नुभयो, "आर्थिक, व्यवस्थापन, कानून र प्राविधिक हिसाबले समेत र तीन तहकै चुनाव एकै पटक हुन सक्दैन, सँगसँगै निर्वाचन कुनै पनि हालतमा गर्न सकिन्न, सम्भव छैन भन्ने सोच आयोगले बनाएको छ, सस्तो पनि पर्दैन ।"

यसअघि विसं २०७४ मा स्थानीय तहको तीन चरणमा वैशाख ३१, असार १४ र असोज २ गते तथा प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनको मतदान सोही वर्षको मङ्सिर १० र २१ गते भएको थियो । संविधानमा स्थानीय तहको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्ष हुने र त्यस्तो कार्यकाल समाप्त भएको छ महिनाभित्र अर्को निर्वाचन सम्पन्न गर्नुपर्छ भन्ने व्यवस्था छ । अर्कोतर्फ स्थानीय निर्वाचन ऐनमा भने कार्यकाल समाप्त हुनुभन्दा दुई महिना अगाडि नै हुनेछ भन्ने प्रावधान छ ।

स्थानीय तहको कार्यकाल २०७९ जेठ ५ गते सकिने भएकाले त्यसको दुई महिनाअघि अर्थात् आगामी चैत ५ गतेभित्रै स्थानीय तहको चुनाव गर्नुपर्ने हुन्छ । प्रतिनिधिसभाको कार्यकाल भने निर्वाचन सम्पन्न भई आयोगले राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाएको मिति २०७४ फागुन २ गतेबाट पाँच वर्षको हुनेछ । त्यस हिसाबले प्रतिनिधिसभाको कार्यकाल आगामी २०७९ फागुन २ गतेसम्म हुनेछ ।

संसद्को कार्यकालसँग जोडेर सर्वोच्च अदालतबाट भएको पछिल्लो फैसलासमेतका आधारमा कानूनी पाटोबाट तीन तहको निर्वाचन एकै चरणमा गर्न नमिल्ने आयोग पदाधिकारीको बुझाईछ । मुलुकको भौगोलिक अवस्था तथा हाल तोकिएका मतदान स्थल र केन्द्रमा ११ मत पेटिका तथा सोहीअनुसारको जनशक्ति व्यवस्थापन गर्न कठिन रहेकाले एकै चरणमा निर्वाचन गर्न नसकिने आयोग स्रोतको भनाइ छ ।

स्थानीय तहको मतपत्रमा सात, प्रदेश सदस्यको दुई तथा प्रतितिनिसभाका लागि दुई ठाउँमा मत सङ्केत गर्नुपर्ने भएकाले एकै पटक यसरी धेरै चुनाव चिह्नमा मतदान गर्न पर्दा मतदाता अलमलिन गई मत बदर हुनसक्ने पक्षमा पनि आयोग सजग रहेको देखिएको छ । हाल अभ्यास गरिएको मतदान केन्द्रमा बिहान ७ देखि अपराह्न ५ बजेसम्म सरदर एक हजार मतदाताले मतदान गर्ने आकलन गरिँदै आएकामा तीन तहकै एकै पटक चुनाव गरिएमा ११ ठाउँमा मत सङ्केत गरी खसाल्न १८ मिनेटसम्म लाग्ने पूर्वअनुमान गरी समयका हिसाबले पनि अव्यवहारिक हुने आयोग पदाधिकारीको तर्क छ ।

हाल कायम रहेका मतदान केन्द्रमा एकै पटक निर्वाचन भएमा समयका हिसाबले तीन दिन लाग्ने हुँदा अहिलेका निर्वाचन केन्द्रलाई चार गुनाले विस्तार गर्नुपर्ने आयोगको सुझाव छ । सुरक्षा संवेदनशीलता र जनशक्ति परिचालनमा पनि विगतभन्दा तीन गुणा बढाउन पर्ने भएकाले खर्चको पाटोबाट पनि मितव्ययी बन्न नसक्ने आयोगको बुझाइ छ ।

राष्ट्रियसभा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण बिडारीले तीन तहकै निर्वाचन एकै पटक गर्न कानूनी अप्ठेरो भए पनि राजनीतिक दलको सहमतिमा स्थानीय तहको निर्वाचन केही पर धकेल्न सकिने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "एकै पटक निर्वाचन हुँदा स्थानीय तहमा जनप्रतिनिधि केही समय खाली हुनपुग्छन्, एउटै मतदाताले धेरै ठाउमा मत हाल्नुपर्छ, अलमल हुन सक्छ, अर्कोतर्फ एउटै खर्चले कम हुन्छ, विकास बजेट जोगिन्छ, तर जे होस् संविधानले व्यवस्था गरेअनुरुप काम गर्दा नै उचित हुनेछ ।"

निर्वाचनका समयमा राजनीतिक दल र उम्मेदवारले गर्ने खर्च पनि राज्यकै भएकाले प्रचारप्रसारका बेला हुने भोज, भतेर, पोस्टर, ¥याली, शक्ति प्रदर्शन र मतदातालाई प्रभाव पार्ने अरु गतिविधि रोक्न सकिएको खण्डमा आयोगले गर्ने खर्चले मात्र निर्वाचनलाई महँगो नतुल्याउने आम निर्वाचन विज्ञको बुझाइ छ ।

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले केही दिनअघि निर्वाचनलाई मितव्ययी तुल्याउन तीन तहको निर्वाचन एकैचोटि गर्न दलहरूबीच साझा सहमति कायम गरेर अघि बढ्न सकिने बताउनुभएको थियो । प्रमुख ठूला राजनीतिक दल नेकपा (एमाले) र नेपाली कांग्रेसको भने अघिल्लो निर्वाचनजस्तै प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको एकै पटक तथा स्थानीय तहको बेग्लै चुनाव गर्नुपर्छ भन्ने मत छ ।

# कांग्रेस महाधिवेशनस्थल भृकुटीमण्डप बेहुली झैं सिङ्गारियो

काठमाडौँ, २३ मङ्सिर (रासस) ।

प्रदर्शनीमार्गस्थित भृकुटीमण्डपको माहोल बेग्लै छ । सधैँ विभिन्न प्रदर्शनी र चिया चौतारीको जमघटस्थल सो स्थानमा अहिले फरक दृश्य देखिन्छन् । नेपाली कांग्रेसको आसन्न १४औँ महाधिवेशन आयोजनास्थल भएकाले यसको रौनक फेरिएको छ । आम सर्वसाधारणको विभिन्न भेला, छलफल र चियागफ तथा भेटघाटको गन्तव्यस्थल बनेको खुला मैदान अहिले रङ्गीचङ्गी तुल, ब्यानरले भरिएको छ । महाधिवेशन उद्घाटनका लागि सो स्थानमा बनाइएको आकर्षक मञ्चले त झनै भृकुटीमण्डपलाई दुलहीझैँ सिङ्गारेको झलक देखिन्छ । हो, अहिले जो-कोहीको ध्यान खिच्ने स्थल बनेको छ कांग्रेस महाधिवेशन उद्घाटनस्थल, बन्दसत्र तथा मतदानस्थल ।

पार्टीका सभापति, महामन्त्री, केन्द्रीय सदस्यलगायत विभिन्न पदका आकाङ्क्षी उम्मेदवारका तुल, ब्यानरले उक्त क्षेत्र झकीझकाउ भएको छ। यसले महाधिवेशनको रौनक थपेको छ । त्यहाँ पुग्ने जो-कोहीले मोबाइलमा तस्वीर कैद गरिरहेका देखिन्छन् धेरैले मञ्चको सेल्फी लिइरहेका भटिए । महाधिवेशन प्रतिनिधिमात्रै होइन, सर्वसाधारणको ध्यान पनि मञ्चले खिचेको छ ।

भृकुटीमण्डपको गेटबाटै सुरु हुन्छ, खचाखच ब्यानर । रुख, खाली स्थान, भित्ता कहीँ खाली ठाउँ छैन सबै उम्मेदवारका प्रचार सामग्रीले भरिएका छन् । प्रदर्शनीमार्गको सडकका दुवैतिरका भित्तामा प्रचार सामग्रीले सजिएका छन् । राष्ट्रियसभागृह र महेन्द्र पुलिस क्लब पनि चारतारे झण्डा र प्रचार सामग्रीले रङ्गिएको छ । गेटबाट भित्र छिर्नासाथ चारैतिर ब्यानरले झकिझाउ छ । चारतारे झण्डाले मञ्च सिङ्गारिएको छ । उद्घाटनस्थल मात्रै होइन, बन्दसत्र हुने प्रदर्शनी कक्षभित्र पनि आकर्षकरूपमा सजाइएको छ । भित्रपट्टि पनि छुट्टै मञ्च बनाइएको छ । चार दिनसम्म करिब पाँच हजार कांग्रेसका महाधिवेशन प्रतिनिधिले यो स्थानमा छलफल र बहस गरेर नयाँ नेतृत्व चुन्नेछन् । सोही स्थानभित्र विभिन्न पदाधिकारी र सदस्यका अकांक्षीले सम्पर्क कार्यालय खोलेर प्रतिनिधिलाई आकर्षण गरिरहेका छन् ।

महाधिवेशनमा २०० जनालाई एकैसाथ मतदान गर्ने व्यवस्था गर्न लागिएको छ । राष्ट्रियसभागृहमा कांग्रेसले मतदान गर्न २०० बुथ राख्न लागेको नेपाली कांग्रेस काठमाडौँका सचिव गोविन्द पुडासैनीले जानकारी दिनुभयो । महाधिवेशनमा सहभागी हुने चार हजार ५०० भन्दा बढी प्रतिनिधिले ब्यालेटमै मतदान गर्नुपर्ने भएको छ । एक जनालाई मतदान गर्न कम्तीमा पनि एक घण्टाभन्दा बढी लाग्ने पुडासैनीले बताउनुभयो । मङ्सिर २४ गते कांग्रेस महाधिवेशनको उद्घाटन हुने र ७ गते मतदान हुने कार्यतालिका छ ।

**तीन सय अट्ने मञ्च**

कांग्रेसले तीन सयभन्दा बढीलाई मञ्चमा राखेर महाधिवेशनको उद्घाटन गर्ने तयारी स्वरुप धमाधम संरचना बनाइरहेको छ । शक्ति प्रदर्शन नगर्ने भए पनि कांग्रेसले मञ्चमा भने तीन स्टेपमा बस्ने व्यवस्था गरेको छ । मञ्च व्यवस्थापनको जिम्मेवारी पाएको कांग्रेस काठमाडौँका सचिव पुडासैनीले ३०० जना बस्ने र ४० जना नाच्ने मञ्च बनिरहेको बताउनुभयो । उहाँले मञ्च निर्माणका काम बिहीबार साँझसम्म सकिने जानकारी दिनुभयो । विदेशी पाहुना, नेता र कलाकार गरी मञ्चमा तीन स्टेपमा बस्न मिल्ने बनाइएको छ ।

कांग्रेसले महाधिवेशन उद्घाटनस्थललाई भव्य र आकर्षक मञ्च बनाएको छ । सचिव पुडासैनीका अनुसार ८० फिट लम्बाइ र ४० फिट चौडाइको भव्य मञ्च बनाइएको छ । मञ्च बनाउन मात्रै १०० भन्दा बढी कामदार तीन दिनदेखि खटिएका छन् । यस्तै स्वागतगेट तथा प्रचार प्रसारका लागि थप ५० भन्दा बढी जनशक्ति खटिएका छन् ।

रोशन आर्ट सर्भिसले मञ्च बनाइरहेको छ भने सगरमाथा टेन्ट हाउसले टेन्टको व्यवस्था गरेको छ । दुई दिनदेखि दुवै कम्पनीका प्राविधिक तथा मजदुरले धमाधम काम गरिरहेका छन् । मञ्चमा ठूला लाइट तथा माइकको व्यवस्था गरिएको छ । रातिका समयमा पनि कार्यक्रम गर्न सकिने गरी बत्तीको व्यवस्था गरिएको छ । इन्टरनेटको सहजताका लागि महाधिवेशनस्थलमा नेपाल टेलिकमको टावर स्थापना गरिएको छ । मिडिया सेन्टर, सहायताकक्ष तथा विभिन्न होल्डिङ सेन्टरसमेत बनाइएको छ ।

महाधिवेशन प्रतिनिधि बस्नका लागि राजधानीका ठमेल, सुन्धारा र गौशलामा गरी तीन ठाउँमा होटल बुकिङ गरिएको छ । त्यहाँ हालसम्म तीन हजार ८०० प्रतिनिधिका लागि ८६ होटल बुकिङ गरिएको आवास तथा भोजन समितिका संयोजक एवं कांग्रेस केन्द्रीय सदस्य सुरेन्द्र पाण्डेले जानकारी दिनुभयो । चार हजार ३०० महाधिवेशन प्रतिनिधि बस्न मिल्ने गरी होटल बुकिङ गरिएको छ ।

समितिले महाधिवेशनमा सहभागी हुने आठ हजार व्यक्तिका लागि खानाको व्यवस्था गर्न लागेको छ । बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्ड र बसुन्धराको दियालो फुडल्याण्डमा भोजनको व्यवस्था गरिएको । मङ्सिर २४ गते बेलुकादेखि २७ गते बेलुकासम्म खानाको व्यवस्था गरिएको हो ।

# पूर्व-पश्चिम रेलमार्ग निर्माण सुस्त

काठमाडौं, २३ मङ्सिर (रासस)। राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणले अझै गति लिनसकेको छैन। नौ प्याकेजमा निर्माणअघि बढाउने योजना बनाइएको थियो। त्यसै अनुरुप केही प्याकेजको विस्तृत् परियोजना प्रतिवेदन (डिपिआर) तयारी अघि बढाइएको छ भने केहीको अध्ययन सकिए पनि निर्माण अघि बढेको छैन।

बर्सेनि कम बजेट छुट्याइएकाले निर्माणले गति लिन नसकेको रेल विभागले जनाएको छ। रेलमार्ग निर्माणमा जग्गा प्राप्तिको विषय पनि टुङ्गो लाग्न बाँकी रहेको विभागका महानिर्देशक दीपककुमार भट्टराईले बताउनुभयो। "बर्सेनि सरकारले झण्डै रु ८/१० अर्ब बजेट छुट्याउने गरेको छ", उहाँले भन्नुभयो, "यो वर्ष अझै घटेर रु साढे छ अर्ब बजेट छुट्याइएको छ।"

आयोजना पूरै सम्पन्न गर्न ठूलो रकम आवश्यक भए पनि एउटा खण्डलाई पहिलो प्राथमिकता दिएर निर्माण अघि बढाउन सकिने विभागले जनाएको छ। निर्माणको काम अघि बढिरहेको बर्दिवास-निजगढ खण्डमा पहिले सम्पन्न गर्दा रेल यातायातको विस्तार गर्न सकिने महानिर्देशक भट्टराईले बताउनुभयो। सो खण्डमा अन्तिम काम बाँकी रहेकामा त्यो सम्पन्न गर्दा रेल चलाउन पूर्वाधार बन्ने उहाँले बताउनुभयो। बजेट उपलब्ध हुँदा कम्तीमा पाँच वर्षमा निर्माण सकिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "बजेट कम भएकाले काम गर्न गाह्रो हुन्छ।"

बर्दिवास-निजगढ प्याकेजमा पहिले बजेट सुनिश्चित गरेर बाँकी काम अघि बढाउने गरी योजना बनाइएको छ। यो एउटा प्याकेजमा काम गर्न सकेमा सो रेलमार्ग जयनगरबाट बर्दिवाससम्म पुग्नसक्ने महानिर्देशक भट्टराईले बताउनुभयो। भारत सरकारको लगानीमा निर्माण भएको जयनगरबाट जनकपुर हुँदै कुर्थासम्मको रेलमार्ग तयारी अवस्थामा छ। नेपाल रेल्वे कम्पनी लिमिटेडले जनशक्ति तयार भएपछि रेल सञ्चालन गर्न तयारी अघि बढाएको छ। कुर्थाबाट बिजलपुरासम्म १७ किमी रेलमार्ग निर्माण भइरहेको छ भने बिजलपुराबाट बर्दिवाससम्म १७ किमीमा जग्गा प्राप्तिको काम भइरहेको छ। जग्गा छुट्याएर काम गर्दा दुई वर्षमा बर्दिवाससम्म निर्माण सकिने उहाँको भनाइ छ। पूर्व-पश्चिम विद्युतीय रेलमार्गमा नै पर्ने बर्दिवास निजगढ खण्डमा विभागले कतिपय काम गरिसकेको छ। उहाँले भन्नुभयो, "कतिपय काम बाँकी भएकामा बजेट सुनिश्चित भएमा पाँच/सात वर्षमा बर्दिवाससम्मै रेल चल्नसक्छ।"

विभागले अहिले निर्माणको काम बर्दिवास निजगढ खण्डमा मात्रै अघि बढाएको छ। झण्डै ६९ किमी लम्बाइको सो खण्डमा सुधार र पुल निर्माणको काम भइरहेको महानिर्देशक भट्टराईले बताउनुभयो। ५० किमीमा लम्बाइमा सुधारको काम सकिएर अरु काम गर्नुपर्ने देखिन्छ। सो खण्डमा रेलको टचाक राख्ने, स्टेशन बनाउने, विद्युतीय काम र सिग्निलिङको काम गर्नुपर्ने महानिर्देशक भट्टराईले बताउनुभयो। उहाँले भन्नुभयो, "रेल चलाउन गर्नुपर्ने खास काम बाँकी नै छ।" निर्माण भइरहेको प्याकेजमा पनि सम्पन्न हुन पाँच वर्ष लाग्ने विभागले जनाएको छ। बजेट सुनिश्चित र बहुवर्षीय ठेक्काका लागि कारबाही अघि बढाइएको महानिर्देशक भट्टराईले बताउनुभयो। यो खण्डमा काम गर्न यो वर्ष अर्थ मन्त्रालयले बजेट सुनिश्चित गरेमा आगामी वर्ष निर्माण कम्पनी र परामर्शदाता नियुक्ति प्रक्रिया अघि बढाइनेछ। उहाँले भन्नुभयो, "आगामी वर्ष ठेक्का लगाउन सकेमा तीन चार वर्षमा निर्माण सकिनेछ।"

निजगढदेखि चितवान खण्डमा अझै अध्ययन हुन बाँकी छ। अरु खण्डमा विस्तृत अध्ययन सकिएको छ। सो प्याकेजमा रेखाङ्कन परिवर्तन गर्नुपर्ने हुँदा अरु प्याकेजभन्दा ढिला अध्ययन भइरहेको छ। राष्ट्रिय निकुञ्जभित्रबाटै रेलमार्ग निर्माण गर्दा त्यहाँका वन्यजन्तु र वनस्पतिलाई असर पुऱ्याउने भएकाले अहिले निजगढबाट हेटौंडाहुँदै भरतपुर जोडिने गरी रेलमार्ग अघि बढाउन लागिएको छ। सो स्थानमा डिपिआर भइरहेकामा विभागले पनि अनुगमन गरिरहेको छ।

काँकडभिट्टा-इनरुवा खण्डमा विगतका वर्षमा जग्गा प्राप्तिमा समस्या थियो। अहिले सो खण्डमा कतिपय जग्गाको समस्या हल भइसकेको र बाँकीमा अन्तिम चरणमा पुगेको महानिर्देशक भट्टराईले बताउनुभयो। बजेटको कमीले गर्दा दररेट निर्धारण गर्न नसकिएको उहाँको भनाइ छ। विभागले अहिले बजेट सुनिश्चितताका लागि कारबाही अघि बढाइएको छ। रेल विभागको दमक कार्यालयले अहिले त्यहाँका पालिकासँगको समन्वयमा जग्गा प्राप्तिका लागि काम गरिरहेको छ। जग्गा प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालयले उपसमिति बनाएर काम अघि बढाएको छ। महानिर्देशक भट्टराईका अनुसार दररेट निर्धारणको काम थोरै मात्रै बाँकी छ। उहाँले भन्नुभयो, "सूचना निकालेमा स्थानीयवासी मुआब्जाका लागि आउनुहुन्छ तर बजेट नभएकाले हामीले त्यो गर्न सकिएको छैन।"

अहिलेसम्म सरकारको बजेटबाट नै रेलमार्गको अध्ययन र थोरै निर्माण अघि बढिरहेको छ। अहिलेसम्म रेलमार्गमा वैदेशिक लगानी सुनिश्चित् नभएको महानिर्देशक भट्टराईले बताउनुभयो। निर्माणको तयारीका लागि पहिले अध्ययन र जग्गा प्राप्तिमा लागिएको छ। उहाँले भन्नुभयो, "अध्ययन र तयारी सकिएपछि नै लगानीबारे सोच्नुपर्छ।" सो रेलमार्ग र भारतीय लगानीमा निर्माण भएको जयनगर-कुर्था-बर्दिवास रेलमार्ग बर्दिवासमा मिसिने विभागका सिनियर डिभिजनल इन्जिनीयर अमन चित्रकारले बताउनुभयो। भारत सरकारले निर्माण गरेको रेलमार्ग ब्रोडगेज हो भने पूर्व-पश्चिम रेलमार्ग कतिपय अध्ययन स्ट्याण्डर्ड गेजमा भइरहेको उहाँको भनाइ छ।

पहिले पूर्व-पश्चिम विद्युतीय रेलमार्ग ९४५ किमी लम्बाइ हुने देखिएको थियो। पहिलेको रेखाङ्कन परिवर्तन गरेर नयाँमा जाँदा भने लम्बाइ कुल लम्बाई परिवर्तन हुनसक्ने सिनियर डिभिजनल इन्जिनीयर चित्रकारले बताउनुभयो। पुरानो रेखाङ्कनमा चितवन राष्ट्रिय निकुञ्जव र पर्सा राष्ट्रिय राष्ट्रिय निकुञ्ज भएर जाने गरि अध्ययन भएको थियो। त्यहाँबाट लैजान नमिलेपछि रेखाङ्कन परिवर्तन हुन लागेको छ। अहिले निजगढ-हेटौंडा-भरतपुरको डिपिआर भइरहेकामा त्यो सकिएपछि नै कुल लम्बाई थाहा हुने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "केही बढ्ने देखिएपनि यति नै हुन्छ भन्न अहिले सकिँदैन।"

नेपालमा रेल यातायातमा अहिलेसम्म उल्लेखनीय उपलब्धि हासिल भइसकेको छैन। पहिले रेल यातायात भौतिक पूर्वाधार मन्त्रालयमा एउटा आयोजनाका रूपमा रहेको थियो। विसं २०६८ रेल विभाग स्थापना भएपछि त्यसले नै रेल यातायातमा काम गरिरहेको छ।

# हिंसा र विभेदविरुद्ध सांस्कृतिक अभियान आवश्यक

काठमाडौं, २३ मङ्सिर (रासस)। सांसदहरूले सबै प्रकारका हिंसा र विभेदविरुद्ध सांस्कृतिक अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ।

तीसौं अन्तर्राष्ट्रिय १६ दिने लैङ्गिक हिंसाविरुद्धको अभियान र ७३औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भमा जागरण मिडिया सेन्टरले यहाँ बिहीबार आयोजना गरेको 'महिला हिंसाको नीतिगत अवस्था र सांसदको भूमिका' विषयक अन्तर्क्रियामा सांसदहरूले समाजमा व्याप्त सबै हिंसा र विभेदलाई प्रश्रय दिने संस्कृति र राजनीतिक प्रणाली नै परिवर्तन गर्नपर्नेमा जोड दिनुभयो।

राष्ट्रियसभाका सदस्य खिमकुमार विकले महिला हिंसाको विषय ऐन/कानुन र संविधानमा लेखेरमात्रै समाधान नहुने उल्लेख गर्दै व्यवहारिकरूपमै अन्त्य गर्नका लागि सचेतनामूलक अभियान नै सञ्चालन गर्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "महिला हिंसामात्रै होइन, समाजमा जरा गाडेर बसेका सबै प्रकारका हिंसा अन्त्य गर्न कानुन कार्यान्वयनसँगै चेतना बढाउनुपर्छ, सांस्कृतिक क्रान्ति चाहिन्छ।"

बागमती प्रदेशसभा सदस्य मैना अछामीले महिला हिंसा अन्त्यका लागि सङ्घ, प्रदेश र स्थानीय तहले जिम्मेवारीका साथ कानुनको प्रभावकारी कार्यान्वयनसँगै कानुनबारे सचेतना जगाउनुपर्ने धारणा राख्नुभयो। संविधानसभाका सदस्य मीना पुनले सङ्घीय र प्रदेश सांसद जनताका साझा समस्याभन्दा पनि व्यक्तिगत र पार्टीगत स्वार्थमा केन्द्रित हुँदा महिला हिंसा र विभेद कायमै रहेको बताउनुभयो।

राष्ट्रिय सूचना आयोगका पूर्वआयुक्त यशोदा तिमिल्सिनाले कार्यपत्र प्रस्तुत गर्दै अहिले पनि ४८ प्रतिशत महिला कुनै न कुनै हिंसामा पर्ने गरेको तथ्याङ्क प्रस्तुत गर्नुभयो। उहाँका अनुसार महिला हिंसाबारे अनभिज्ञता प्रकट गर्ने महिलाको सङ्ख्या ६१ प्रतिशत छ। संविधानसभाका सदस्य तथा जागरणका अध्यक्ष कमला विश्वकर्माले महिला हिंसा अन्त्यबारे छलफलमा उठेका सवालालाई लिपिबद्ध गरी कानुन निर्माण गरिने जानकारी दिनुभयो।

यही मङ्सिर ९ गतेदेखि लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान विश्वभर सुरु भएको छ। हरेक वर्ष नोभेम्बर २५ देखि डिसेम्बर १० तारिखसम्म विश्वभर लैङ्गिक हिंसाविरुद्धको अभियान सञ्चालन हुँदै आएको छ। नेपाल सरकारले नोभेम्बर २५ तारिखलाई महिला हिंसाविरुद्धको राष्ट्रिय अभियान दिवसका रूपमा मनाउने निर्णयसमेत गरेको छ। दिवसको राष्ट्रिय नारा 'घरैदेखि सुरु गरौं, महिला हिंसा अन्त्य गरौं' रहेको छ।


## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पस राजविराजदेखी राजविराज १ स्थित घर तर्फ जाँदै गरेको अवस्थामा २०७८ साल मंसिर २ गते मेरो निम्न ब्यहोराको माईग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा सम्बन्धित निकायमा बुझाई दिन हुन अनुरोध छ।

**नाम : चनचला चौधरी**

**ठेगाना : राजविराज १, (साविक राजविराज २), सप्तरी**

**सिरियल नं. : M ००८१६०२**

**रजिष्ट्रेशन नं. ७१३४०२११७**

**सिम्बोल नं. ३३४००२००**


*६ निर्माण कम्पनी ...*

ती कम्पनीलाई कालोसूचीमा राखिएको कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार सडक डिभिजन कार्यालय लहानको सिफारिसमा निलगिरि निर्माण सेवालाई तीन वर्षका लागि कालोसूचीमा राखिएको छ। त्यस्तै सर्लाहीको चन्द्रनगर गाउँपालिकाको सिफारिसमा एलिट कन्स्ट्रक्सन कम्पनी तथा तारकेश्वर नगरपालिका काठमाडौंको सिफारिसमा च्याङ्ग्रासी निर्माण सेवालाई दुई/दुई वर्षका लागि कालोसूचीमा राखिएको छ। यसैगरी एसएएम कन्स्ट्रक्सन प्रालि, त्रिदेव निर्माण सेवा र एसएनसी निर्माण सेवा प्रालिलाई एक/एक वर्षका लागि कालोसूचीमा राखिएको सो कार्यालयले जनाएको छ।

ती कम्पनीले कालोसूची अवधिभर सरकारी निकायको कुनै पनि खरिद तथा निर्माणका कार्यमा भाग लिन पाउने छैनन्। कालोसूचीमा राख्नुभन्दा अगाडि सम्झौता भएका कार्य भने निरन्तरता हुने कार्यालयले जनाएको छ।

# विश्व समाचार

## मालीमा सात शान्ति सैनिकको हत्या, संयुक्त राष्ट्रसंघद्वारा निन्दा

बामाको, २३ मङ्सिर (रासस/सिन्ह्वा)।

मालीमा संयुक्त राष्ट्रसंघका सात शान्ति सैनिक मारिएका छन्। मालीमा खटेको शान्ति मिसन मिनुस्माका ७ जना सैनिक मारिएको बताइएको छ।

बुधबार ती सैनिक मालीको राजधानी बामाकोनजिकै भएको आक्रमणमा मारिएका हुन्। सो आक्रमणमा परी अरु तीनजना गम्भीर रुपमा घाइते भएका संयुक्त राष्ट्रसंघीय सो शान्ति मिसनले जनाएको छ।

मालीको सो संयुक्त राष्ट्रसंघीय मिसनले सहायता सामग्री बोकेर डोजेन्टा नगरबाट गइरहेका बेला सवारी साधनमाथि नै हमला गरिएको थियो। सो हमलामा परी सात जना शान्ति सैन्य मारिएका र अरु तीन जना गम्भीर रुपमा घाइते भएका यहाँको सो मिसनले विज्ञप्ति प्रकाशन गरी जानकारी दिएको छ।

यसअघि पनि मालीको शान्ति मिसनलमा यसैगरी हमला हुने गरेको छ। जसमा परेर कैयौं सैनिक मारिएका छन्। सो शान्ति मिसनमाथि भएको हमलाको संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटेर्रेसले निन्दा गर्नुभएको छ। उहाँले शान्ति स्थापनाका लागि खटेका सैनिकमाथिको हमला निन्दनीय रहेको बताउनुभएको छ।

## इन्डोनेसियामा ज्वालामुखी विस्फोटमा परी ३९ को मृत्यु

जाकार्ता, २३ मङ्सिर (रासस/एएफपी)।

इन्डोनेसियाको जाकार्तामा गत शनिबार भएको ज्वालामुखी विस्फोटमा परी मृत्यु हुनु व्यक्तिको सङ्ख्या ३९ पुगेको छ। ज्वालामुखी विस्फोटमा परेर अरु १२ जना हराइरहेका यहाँका सञ्चारमाध्यमले जानकारी दिएका छन्।

गत शनिबार इन्डोनेसियाको जाभा प्रान्तको पूर्वीक्षेत्रमा लुमाजाङ्ग नामक जिल्लामा सो ज्वालामुखी निस्किएको थियो। यसबाट यहाँका स्थानीय नागरिक नराम्ररी प्रभावित भएका छन्। ज्वालामुखीको खरानीले गर्दा उनीहरु भाग्ने क्रममा मृत्यु भएको बताइएको छ।

प्रभावित क्षेत्रबाट करिब चार हजार व्यक्तिलाई अस्थाई वासस्थानम सारिएको छ। ज्वालामुखी भग्नावशेष, भत्किएका भवन र ध्वस्त भएका सवारीसाधनमा बाँचेका र शव खोज्दै, उद्धारकर्ता खतरनाक परिस्थितिसँग लडिरहेका छन्।

यहाँको राष्ट्रिय प्रकोप व्यवस्थापन विभागका प्रवक्ता अब्दुल मुहारीले यहाँ अहिलेसम्म पनि १२ जना व्यक्ति हराइरहेको जानकारी दिनुभयो।

उहाँले हराएका ती व्यक्तिको बारेमा पत्ता लाग्न सकेको छैन, उनीहरु हराएका या मृत्यु भएको पनि हुनसक्ने बताउनु भएको छ।

जाकार्ता समयानुसार गत शनिबार दिउँसो ३:१० बजे तीन हजार ६७६ मिटर अग्लो माउन्ट सेमेरुमा ज्वालामुखी विस्फोट भएको थियो।

## संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदद्वारा सैनिकहरुमाथि भएको आक्रमणको निन्दा

संयुक्त राष्ट्रसंघ, २३ मङ्सिर (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले बुधबार मालीमा संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमाथि भएको श्रृंखलाबद्ध आक्रमणको कडा निन्दा गरेको छ।

एक विज्ञप्तिमा, सुरक्षा परिषद्का सदस्यहरुले शोकसन्तप्त परिवारहरु, साथै इजिप्ट, माली, टोगो र मालीमा रहेको संयुक्त राष्ट्रसंघको बहुआयामिक एकीकृत स्थिरता मिसनप्रति गहिरो समवेदना र सहानुभूति व्यक्त गरेका छन्।

उनीहरुले घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्। बन्दियागारा, मध्य मालीमा भएको यस विस्फोटमा सात जना टोगोका नागरिक र मालीका एक ठेकेदारको मृत्यु भएको छ। अन्य तीन जना गम्भीर घाइते भएका मिसनले बुधबार आफ्नो ट्विटर खातामा घोषणा गरेको छ।

संयुक्त राष्ट्रका महासचिवका प्रवक्ता स्टेफेन डुजारिकले गत महिना उत्तरी मालीमा भएको आक्रमणमा घाइते भएका इजिप्टका शान्ति सैनिकको सोमबार मृत्यु भएको पुष्टि गर्नु भएको छ।

काउन्सिलका सदस्यहरूले मालीको संक्रमणकालीन सरकारलाई आक्रमणको चाँडो अनुसन्धान गर्न र दोषीलाई कानुनी दायरामा ल्याउन आग्रह गरेका छन्।

# प्रदेश २ स्तरिय महिला क्रिकेटमा सिरहा फाईनलमा, महोत्तरीको पहिलो जित



**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

राजविराजमा संचालित प्रधानमंन्त्री कप प्रदेश स्तरिय टि-ट्वान्टी महिला सिनियर छनोट क्रिकेट प्रतियोगिता अन्तर्गत बिहीबार सम्पन्न दुई खेलमा सिरहा र महोत्तरी बिजय भएका छन । सिरहा बिजयी भएसँगै फाइनलमा प्रवेश गरेको छ ।

संचालित प्रतियोगिताको बिहीबार सम्पन्न पहिलो खेलमा सिरहाले सर्लाहीलाई ८ बिकेटले पराजित गरेको छ भने दोस्रो खेलमा महोत्तरीले सप्तरीलाई ८ बिकेटले नै पराजित गरेको हो ।

पहिलो खेलमा टस जितेर सर्लाहीले २० ओभरमा ८ बिकेट गुमाएर ८५ रन को योगफल खडा गरेको थियो । जसमा सर्लाहीकी आरती सिंहले अविजित ४३ रन बनाउनु बाहेक कुनै खेलाडीले दोहोरो अंक समेत पार गर्न सकेनन् । बलिङ्गतर्फ सिरहाकी अनुराधा चौधरीले ३, आरती चौधरीले २ र सरस्वती चौधरीले एक बिकेट हात पारेकी थिइन् ।

प्रतिउत्तरमा ब्याटिङ गर्न ओर्लेको सिरहाले ९ ओभरमा २ बिकेट गुमाएर सो लक्ष्य हात पाऱ्यो । जसमा टिमका लागि सरस्वती चौधरीले ३१ तथा आरती चौधरीले अविजित १८ रन जोडेकी थिइन् । यता बलिङतर्फ सर्लाहीका यमुना श्रेष्ठ र तुलसी बिश्वकर्माले १/१ बिकेट हात पारेकी थिइन् । खेलको म्यान अफ दि प्लेयर सिरहाकी सरस्वती चौधरी घोषित भइन् ।

यस्तै दोस्रो खेलमा टस जितेर सप्तरीले २० ओभरमा ९ बिकेट गुमाएर ६६ रन को योगफल खडा गरेको थियो । जसमा सप्तरीकी अंजु चौधरीले ६ रन नटआउट रहे पनि अरू कुनै पनि खेलाडी ले दोहोर अंक पार गर्न सकेनन् । ४३ रन अतिरिक्त कै रूपमा जोडिएको थियो । बलिङ तर्फ महोत्तरीकी गोमा आले र रोजी खत्री २/२ बिकेट तथा पुष्पा फुयाल, हेमा पटेल, गुडी गिरीले १/१ बिकेट हात पारिन् ।

प्रतिउत्तरमा महोत्तरीले उक्त लक्ष्य ८ ओभर ३ बल खेल्दै २ बिकेट गुमाएर प्राप्त गऱ्यो । जसमा टिमका लागि बिमला मगर अविजित रहदै २८ रन जोडेकी थिइन् । बलिङतर्फ सप्तरीकी नबिता चौधरी र मनिका चौधरीले १/१ बिकेट हात पारिन् । खेलमा म्यान अफ दि प्लेयर महोत्तरीकी गोमा आले भइन् । उनलाई प्रदेश २ क्रिकेट संघ छनोट समितिका संयोजक मुरतुजा हवारीले कप प्रदान गरेका थिए ।

शुक्रबार लिग चरणको अन्तिम खेल अन्तर्गत पहिलो खेल सर्लाही र महोत्तरी तथा बारा र सप्तरीबिच हुने सप्तरी क्रिकेट संघका सचिव चन्दन कुमार यादबले जानकारी दिएका छन् ।

# पत्रिका पसल संचालकको साइकल चोरी

**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

राजविराजस्थित भूमि सुधार तथा मालपोत कार्यालय पुगेका एक सेवाग्राहीको ताल्चा लागेको साइकल बिहीबार चोरी भएको छ ।

स्थानिय उपयोगि पुस्तक एण्ड पत्रिका पसलका संचालक उत्तम कुमार भुजेलको बिहान ११ बजेतिर मालपोत कार्यालयको गेटबाटै साइकल चोरी भएको हो । पसल संचालक भुजेलका अनुसार ताल्चा मारेर कार्यालय भित्र पसेर २० मिनेटपछि फर्किदा साइकल गायब भएको बताए । उनले घटना बारे प्रहरीमा खबर गरेको बताए ।

यसअघि भन्सार कार्यालय पुगेका सप्तरीको तिरहुत गाउँपालिका ४ बस्ने सोभितलाल खङ्गको मंसिर १३ गते मोटरसाइकल चोरी भएको थियो । यद्दपी उक्त मोटरसाइकल चोरी गर्ने चोरलाई प्रहरीले तीन दिनपछि पक्राउ गरेको थियो ।

# बिउ, मल, खादको व्यवस्था गर्न माग

**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**



किसानहरू गहु बालीका निम्ति खेत तयार गरे पनि नगर भित्र सहजरूपमा उपलब्ध हुने बिउ, मल, खादको व्यवस्था गर्न नेकपा माओवादी केन्द्र हनुमाननगरले माग गरेको छ ।


सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा बिहीबार केन्द्रका नगर अध्यक्ष राहुल मण्डलले ज्ञापन पत्र बुझाउँदै कालोबजारी हुने गरेको तथा खेती समयमै गर्नु पर्ने किसानहरूको बाध्यता पनि त्यतिकै रहेको हुदा सहजै बिउ, मल, खाद्य उपलब्ध नभएकोले किसानहरू सास्ती भोग्नु परेको साथै मार्कामा पर्ने जनाइएको छ ।

किसानहरुको नाममा करोडौं, अरवौं रकम खर्च हुने, कृषि प्रधान देशमा व्यवस्था परिवर्तन भई तिन तहको सरकार गठन भई स्थानिय सरकारको पाँच बर्ष बित्न लाग्दा समेत स्थानीय सरकारले लिनुपर्ने दायित्व र गर्नु पर्ने कार्य नगरेको ज्ञापनपत्रमा उल्लेख छ ।

नगरपालिकाले किसानहरूका लागि प्रतिबद्ध भएर संघ, संस्था, सहकारी तथा व्यपारीहरूलाई दिएको सिफारिस अनुरूप बिउ, मल, खाद किसानहरू पाउनुपर्ने भन्दै नगरपालिकाका निमित्त प्रमुख रामदेव यादवलाई आग्रहसहितको पत्र बुझाइएको हो ।


मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी


## सुचना ! सुचना !! सुचना !!!

पुस २५ गते देखि प्रधानमंन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तरगत प्रदेशस्तरिय पुरूष (सिनियर) क्रिकेट खेलाडी छनोटका लागि मिति २०७८ मंसिर २६ देखि खेलाडी छनोटका प्रशिक्षण हुने भएकोले जिल्ला भरीका ईच्छुक खेलाडीहरूले आ-आफ्नो खेल सामग्रीसहित उपस्थिति हुन जानकारी गराईन्छ ।

**तपसिल**
मिति : २०७८ मंसिर २६ देखि
स्थान : राजबिराजस्थित राजरंगशाला
समय : बिहान ७ बजे देखि

**सम्पर्क**
चन्दनकुमार यादब ९८०१५७७९१८
शंभु दास ९८६११५५७७३
रोशन मण्डल ९८०४१५४९६४
**सप्तरी क्रिकेट संघ**


लिङ्ग पहिचान गरी भ्रुणहत्या गर्नु अपराध हो ।
त्यस्तो दुष्कर्म कसैले नगरौं,नगराऔं ।
छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्भनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*